स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



प्रदीप खड्काको शीर्ष भूमिका रहने फिल्म 'क्यामिनो'को छायांकन सुरु नहुँदै 'लाइनअप' प्रभावित हुन थालेको छ । सौगात मल्लले यो फिल्म छाडेको महिना दिन नबित्दै पूर्वमिस नेपाल इन्टरनेसनल नीति शाह पनि बाहिरिएकी छिन् । नीतिले हात झिकेपछि निर्माता अभिनेत्रीको खोजीमा लागेको खबर छ । नीतिले यो फिल्मबाट डेब्यु गर्ने तयारी थियो । उनले फिल्म छाड्नुको ठोस कारण नखुले पनि नयाँ अभिनेत्रीलाई अभिनय गराउने तयारी भइरहेको छ ।

आजको विचार...



विष्णुप्रसाद खनाल

दलभित्रको...
(दुई पेजमा)

छायांकनको तयारीमा रहेको फिल्म 'हातीछाप'को कार्यशाला आइतबारदेखि सुरु भएको छ । वर्कसपमा दयाहाङ राई र उपासना सिंह ठकुरी जोडिएका छन् । आगामी बिहीबारदेखि छायांकन थाल्ने योजना रहेको निर्माता किरण नेपालीले जानकारी दिए । गत वर्षको हिट फिल्म 'दुई नम्बरी'पछि निर्माता नेपालीले यी दुई शीर्ष कलाकारसँग पुनः सहकार्य गरेका हुन् । यो फिल्मलाई सिमोस सुनुवारले निर्देशन गर्नेछन् । यो फिल्मलगत्तै सुनुवार 'हिमालय रोडिज सिजन ५' को छायांकनमा व्यस्त हुनेछन् भने दयाहाङ बाँसुरी फिल्म्सको नयाँ फिल्म 'राजागञ्ज'मा जोडिनेछन् ।



❒ वर्ष २८ ❒ अंक ३३६ ❒ २०८० असार १९ गते मंगलबार 4 July 2023, Tuesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### ललिता निवास प्रकरण : थप दुई पक्राउ

**पाल्पा,** असार १८/ललिता निवास जग्गा प्रकरणमा जोडिएका थप दुई आरोपित पक्राउ परेका छन् । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले सोमबार तत्कालिन नायव सुब्बा रमेशकुमार पोखरेल र देवनारायण महर्जनलाई पक्राउ गरेको हो । आइतबार पनि प्रहरीले तीन जनालाई पक्राउ गरेको थियो । यससँगै यस प्रकरणमा हालसम्म १२ जना पक्राउ परिसकेका छन् । जस मध्ये तीन जना भने अदालतको आदेशका कारण पक्राउ परेपछि छुटे । विसं २०४९ देखि २०६९ सम्ममा सरकारको स्वामित्वमा रहेको बालुवाटारस्थित ललिता निवासको जग्गा विभिन्न व्यक्तिका नाममा नामसारी भएको फेला परेपछि उक्त प्रकरणमा सिआइवीले अनुसन्धान गरिरहेको छ । यसअघि तीन सय जनालाई प्रतिवादी बनाएर ब्यूरोले जिल्ला सरकारी वकिलको कार्यालयमा रायसहितको प्रतिवेदन बुझाएको थियो । तर सरकारी वकिलको कार्यालयले थप अनुसन्धान गर्नुपर्ने जनाउँदै फाइल फिर्ता पठाएको थियो । त्यसपछि अनुसन्धान जारी रहेको बताए पनि थप प्रगति भएको थिएन ।

# नारायणगढ–मुग्लिन सडक यात्रुलाई सधैं सास्ती

रामचन्द्र रायमाझी

**पाल्पा,** असार १८/गुल्मी इस्माका प्रदीप खत्रीलाई सोमबार ३ बजेभित्र काठमाडौं नपुगी नहुने थियो । वैदेशिक रोजगारका लागि जापन हिँडेका उनको सोमबार साझा ४ बजे उडान छ । उनी १७ घण्टा मुग्लिनको जाममा परे । त्यहाँ रोकिएका खत्रीले एनजेडीसँग निकै आत्तिँदै भने, 'आज साँझा फ्लाइट छ । क्यान्सिल हुने होकि ? निकै चिन्ता परेको छ । अहिलेसम्म यहीं छु । कहिले पुग्ने ? कसरी जाने ? रातभर धेरै दुःख पाइयो ।' सोमबार विहान ८ बजेसम्म उनले आफु मुग्लिनको जाममै रहेको बताए । शनिबार मध्यरातिदेखि पहिरोका कारण अवरुद्ध सडक आइतबार बेलुका केही खुले पनि





पुनःअवरुद्ध भएको थियो । लामो समय सडक अवरुद्ध भएको जानकारी प्राप्त भएपछि एनजेडी टिमले सडकमै अलपत्र परेका केही व्यक्तिहरुलाई फोनमार्फत सम्पर्क गरी उनीहरुको अवस्था बारे जानकारी लिएको थियो । एनजेडीसँगको सम्पर्कमा तानसेनकी सावित्रा गौतमले पनि लामो समय सडकमै बिताउनु परेको गुनासो गरिन् ।

आइतबार आमालाई औषधी उपचार गर्न काठमाडौं हिडेकी गौतम नारायणगढ-मुग्लिन सडक खण्डको तुइनखोला नजिकै पहिरो खसेर अवरुद्ध हुँदा विहान ८ बजेसम्म रोकिनु पर्‍यो । तानसेनबाट नाइट गाडी चढेर काठमाडौं हिडेकी उनी लामो समय बाटोमै अलपत्र पर्दा आत्तिएको महशुस भएको बताइन् । बिरामी आमालाई अस्पताल पुर्‍याउन हिँडेकी उनलाई कतिबेला पहिरो हटाइएला र बाटो कटौला भन्ने चिन्ता थियो । आमालाई समयमै काठमाडौं पुर्‍याउन नसक्दा चिन्तित गौतम बाटोको अवस्थाले निकै आक्रोसित पनि थिइन् ।

नारायणगढ-मुग्लिन सडक खण्डमा कुनै पसल छैनन् । पानी परिरहेको छ । जाने ठाउँ कतै छैन । पाल्पाबाट काठमाडौं हिँडेका मनोज कार्कीले भने, 'दिशा, पिसाव गर्नसमेत पाएको छैन । खाना खाने त त्यस्तै हो ।' प्रहरी प्रशासन खटे पनि यात्रुले पाएको सास्ती जस्ताको तस्तै रहेको उनको भनाइ छ । 'सडकमा चाउचाउ समेत खान पाइएको छैन् । बाटोमा खाउँला भनेर साँझ ६ बजे हिँडेको तर बीच बाटोमै यस्तो अलपत्र भइयो । खाना, पानी केही पाएको छैन, बिचल्ली भयो', उनले भने । यी केही प्रतिनिधि पात्र मात्रै हुन् । उनीहरुजस्ता अति जरुरी काममा यात्रा गर्ने सयौं सवारीसाधनका हजारौं यात्रु शनिबारदेखि नै सडकमा अलपत्र परे । सर्वसाधारण नागरिकले भोगेको सकसलाई सरकारले वास्ता नगरेकोमा उनीहरु दुःखी छन् । नारायणगढ-मुग्लिन सडकमा हरेक वर्ष वर्खाको समयमा सडक माथिबाट गएको पहिरोका कारण यात्रुले सास्ती भोग्दै आएका छन् । बर्खाको समयमा यस सडक खण्ड छिचोल्न निकै सकस हुने गर्दछ । बर्खामा कति खेर पहिरो खस्छ थाहा नै हुँदैन । बर्खा लागेसँगै यस सडक खण्डमा हिँड्ने यात्रुले सधैं सास्ती खेप्नु परेको छ । शनिबार मध्यरातिदेखि पहिरोका कारण अवरुद्ध सडक आइतबार बेलुका मात्र खुले पनि केही बेरमा फेरि तुइनखोलानजिकै पहिरो खसेर अवरुद्ध भएको थियो । अवरुद्ध सडक सोमबार विहान अबेर मात्र खुलेको थियो । तुइन खोला आडमा खसेको पहिरोले सातायता यात्रुले सास्ती खेपिरहेका छन् ।

केहीबेर सडक खुल्ने र पहिरो खसिहाल्ने भएकाले सडकमा लामो जामसमेत लाग्ने गरेको छ । पहिरोले बिचल्लीमा परेका यात्रुको न खानको ठेगान, न यात्राको । त्यसमाथि जोखिमपूर्ण यात्राले हैरान भएका छन् । नारायणघाट-मुग्लिन सडकको स्तरोन्नति गर्दा पहाड कटान गरिएको थियो । जसका कारण पहिरोको जोखिम बढेको हो । यहाँ हरेक वर्ष नयाँ ठाउँमा पहिरो जाने गरेको छ ।

## लोकतन्त्रको आधार : सूचनाको अधिकार

- सूचना दिने र लिने संस्कृतिको विकास गरौं,
- सार्वजनिक निकायहरु खुला, पारदर्शी, उत्तरदायी एवं जवाफदेही बनौं,
- सूचनाको हक नागरिकको मौलिक अधिकार हो,
- सूचनाको हक सम्बन्धी ऐन नियमको पूर्ण पालना गरौं र गराऔं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## गलमादी खोलाले खेतीयोग्य जमिन र बस्ती जोखिममा

**रामपुर (पाल्पा),** असार १८/पाल्पाको रामपुर नगरपालिका-४ स्थित गलमादी खोलाले धार परिवर्तन गरी जमिन कटान गरेपछि जोखिम बढेको छ । पुरानो धार परिवर्तन गरेर नयाँ ठाउँबाट खोला बगेपछि यस क्षेत्रका खेतीयोग्य जमिन तथा बस्ती जोखिममा परेका छन् ।



खोला कटानका कारण खेतमा लगाइएका धानबालीमा बाढी पसेपछि उत्पादन नै स्याहर्न नपाउने अवस्था रहेको स्थानीय चन्द्रबहादुर श्रेष्ठले गुनासो गरे । उनको छ रोपनी खेत जोखिममा परेको छ । तीन वर्षदेखि खोलाले धार परिवर्तन गरेर खेत कटान गर्न थालेपछि वर्षायाममा खोलाको बाढी पसेर धानबालीमा क्षती पुर्‍याउने गरेको श्रेष्ठ बताउँछन् । उनी भन्छन्, 'पहिलाको ठाउँबाट करिब १२ मिटर दक्षिणतर्फ खोला पसेर खेतको धान सबै बाढीले नष्ट गरिरहेको छ, दुःख गरेर लगाइएको बाली क्षणभरमा नै बाढी पसेर नोक्सान गरिरहेको छ, एक वर्षमा ४० मुरी धान फल्ने खेत पूरै जोखिममा छ ।' कटान रोक्नलाई उहाँ आफैंले रु एक लाख ५० हजार बराबरको रकम खर्चेर तटबन्ध गरे पनि धेरै ठाउँमा तटबन्ध गर्नुपर्दा समस्या भएको श्रेष्ठले बताए । वर्षायाम सुरु भएपछि महम्मद वकिल मियाँ रातभर ढुक्कले निदाउन सक्दैनन् । गलमादी खोलाको ढिकमा बसोबास गर्दै आएका उनलाई खोलामा पानीको बहाव बढेर आउँदा कतिबेला पहिरोले घर नै लैजाने हो भन्ने चिन्ताले सताउने गर्छ । 'खोलाको किनारमा बस्ती छ । वर्षायाममा खोलाले बस्ती कटान गरिरहेको हुँदा जोखिम मोलेर बसोबास गर्नु परेको छ । सम्बन्धित निकायले यसको समस्या समाधानमा ध्यान दिनुपर्‍यो', उनले भने ।

मियाँको बारीखण्ड अन्तर्गत दुई रोपनी १२ आना घरसहितको जग्गा जोखिममा परेको छ । विसं २०५४ देखि बसोबास गर्दै आएको जग्गा पछिल्लो तीनवर्ष यता जोखिममा परेको उनको भनाइ छ । गलमादी खोलाको कटानबाट खेतखण्ड (खोला बहेको स्थान तलको भाग) र बारीखण्ड (खोला माथिको भाग) गरी करिव ४० रोपनी जोखिममा छ । करिब एक सय ५० मिटर क्षेत्रफल खोलाले कटान गरेको छ ।

(...बाँकी अन्तिम पेजमा)

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## ललिता निवास प्रकरण नसेलाओस्

डेढ वर्षपछि फेरि बालुवाटारस्थित ललिता निवास प्रकरणले चर्चा पाएको छ । प्रधानमन्त्रीको सरकारी निवाससँग जोडिएको ललिता निवास जग्गा प्रकरणमा रोकाइएको अनुसन्धानको फाइल प्रहरीले डेढ वर्षपछि फेरि खोलेको छ । तत्कालीन सरकारको हस्तक्षेपका कारण २०७८ पुसदेखि रोकिएको अनुसन्धान फाइल खोल्दै प्रहरीले केही आरोपितलाई पक्राउ गरेको छ । नक्क्कली भुटानी शरणार्थी प्रकरणमा 'हाइ प्रोफाइल'का व्यक्तिहरुलाई पक्राउ गरी अनुसन्धान गरिरहेका बेला पुन:ललिता निवास प्रकरणले प्राथमिकता पाउनु राम्रै हो । रोकिएका यस्ता प्रकरणहरु वर्तमान सरकारले व्युताँएपछि सरकारको प्रशंसा चुलिएको छ । ललिता निवास प्रकरणमा केन्द्रीय अनुसन्धान ब्युरोले एक दर्जन व्यक्ति पक्राउ गरेको छ । उनीहरु अहिले अनुसन्धानमै छन् । यो प्रकरणमा हाइ प्रोफाइलका व्यक्तिहरु समेत रहेको पाइन्छ । उनीहरुलाई पनि पक्राउ गरी अनुसनधानको दायरामा ल्याउन आवश्यक छ । यस्तो कदममा सरकारले कुनै पनि हालतमा खुट्टा कमाउनु हुँदैन । जसरी हुन्छ यस प्रकरणमा संलग्न सबैलाई कानुनी दायरामा ल्याउनै पर्छ ।

पछिल्लो समय सरकारले देखाएको सक्रियता निश्चय नै प्रशंसालायक छ तर विगतका अनुभवले भने यस्ता कुराको अन्तिम परिणाम सुखद् भने रहेको देखिदैन । यही प्रकरणमै पनि दुई वर्षअघि सीआईबीले गरेको अनुसन्धानलाई सरकारी वकिलको कार्यालयले ग्रहण गर्दै मुद्दा दायर गर्नुपर्नेमा सरकारी वकिलको कार्यालयले थप अनुसन्धानको खाँचो रहेको बहानामा फिर्ता गरिदिएको थियो । यसले उसबेला नै सरकारको नियत ठीक नभएको आशंका जन्माएको थियो । अहिले फेरि यो कर्म सरकारको काम देखाउने 'स्टन्ट'मा मात्र सीमित हुने त होइन भन्ने आशंका पनि उत्तिकै छ । वर्तमान सरकारले नक्कली भुटानी शरणार्थी प्रकरणमा देखाएको तदारुकता र अहिलेकै प्रकरणमा केही व्यक्ति पक्राउ पर्नुले भने आशा गर्ने ठाउँ भने रहेको छ । यसले सरकारी जग्गा हड्प्ने कुत्सित मनसायका आरोपीले गरेको कर्मको सजाय पाउँछन् कि भन्ने आशा त जागेको छ । भोलिका दिनमा आरोपीको आरोप प्रमाणित होला वा उनीहरू निर्दोष प्रमाणित होलान् त्यो अदालतले ठहर गर्नेछ तर अहिलेको यो प्रकरण बाटोमै अलपत्र पर्नु हुन्न । यसर्थ कुनै शक्तिशाली नेतालाई बचाउने चक्करमा सडकदेखि सदनसम्म तातेको यो प्रकरण त्यतिकै नसेलाओस् ।

## Opinion @ Social Network

खाली खुट्टा नै किन नहोस्, सहि बाटो हिड्नुस्
पैतला दुख्ला तर, मन कहिले दुख्ने छैन ।
*(सुनिता थापाको फेसबुक स्टाटस https://www.facebook.com/suneeta.thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# दलभित्रको आन्तरिक लोकतन्त्र र भ्रम



**विष्णुप्रसाद खनाल**

*संवैधानिक व्यवस्था अनुसार प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता हुने, राजनीतिक दल खोल्ने स्वतन्त्रता हुने संघसंस्था खोल्ने स्वतन्त्रता हुने तथा नेपालको कुनै पनि भागमा आवतजावत र बसोवास गर्ने स्वतन्त्रता, नेपालको कुनै पनि भागमा पेशा, रोजगारी गर्ने, उद्योग व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रताको व्यवस्था गरिएको छ ।*

औपचारिक रूपमा नेपालका राजनीतिक दलहरूको राजनीतिक यात्रा नेपालमा प्रजातन्त्रको स्थापना भएपछि भएको भए तापनि अनौपचारिक रूपमा भने त्यस समयभन्दा अघिदेखि नै स्वतन्त्रता र प्रजातन्त्रका साथै सहभागिताका लागि विभिन्न आन्दोलन हुने गरेका थिए । नेपालको संविधान २०७२ को धारा १७ मा स्वतन्त्रताको हकको व्यवस्था गरिएको छ जसमा कानुन बमोजिम बाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरेको छैन । संवैधानिक व्यवस्था अनुसार प्रत्येक नागरिकलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता हुने, राजनीतिक दल खोल्ने स्वतन्त्रता हुने संघसंस्था खोल्ने स्वतन्त्रता हुने तथा नेपालको कुनै पनि भागमा आवतजावत र बसोवास गर्ने स्वतन्त्रता, नेपालको कुनै पनि भागमा पेशा, रोजगारी गर्ने, उद्योग व्यापार तथा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रताको व्यवस्था गरिएको छ । नेपालमा राजनीतिक दलहरू पछिल्लो समयमा बढ्दै गएका छन् तर ती राजनीतिक दलहरूको आन्तरिक लोकतन्त्र भने कमजोर बन्दै गएको छ जसले गर्दा नेपालका राजनीतिक दलहरूमा निरंकुशता बढ्दै गएको छ ।

नेपालको संविधान २०७२ को धारा २९६ को उपधारा १ बमोजिमको व्यवस्थापिका संसदले नेपालको राजनीतिक दलसम्बन्धी ऐन २०७३ बनाएको थियो । उक्त, ऐनअनुसार राजनीतिक दल भन्नाले दफा ३ बमोजिम गठन भएको राजनीतिक दललाई सम्झनुपर्दछ भनिएको छ अर्थात् समान रानीतिक विचारधारा, दर्शन र कार्यक्रममा प्रतिबद्ध व्यक्तिहरूले संविधान र यस ऐनको अधिनमा रही आफ्ना राजनीतिक काम कारबाही सञ्चालन गर्न राजनीतिक दल गठन गर्ने व्यवस्था छ । यस अन्तर्गत दल दर्ता गर्दा दलको घोषणापत्र तथा कार्यक्रम सार्वजनिक गर्नुपर्ने र निर्वाचन आयोगमा दल दर्ता हुनुपर्ने व्यवस्था छ तर निर्वाचिनका लागि भने प्रत्येक निर्वाचनमा भाग लिने राजनीतिक दलहरूले उक्त समयमा राजनीतिक दल दर्ता गर्नुपर्ने व्यवस्था छ । कानुनमा एकातिर व्यवस्था हुन्छ तर राजनीतिक दलभित्रको व्यवहारमा कार्यान्वयन भएको पाइँदैन । लोकतन्त्र, निर्वाचन अभिव्यक्तिको सुन्दर पक्ष हो । हरेक राजनीतिक दलहरूभित्र, विभिन्न तथा संगठन हुन्छन् । विभिन्न भातृ संगठनहरू हुने गर्दछन् तर भातृसंगठनको निर्वाचन कुनै पनि रानीतिक दलमा उनीहरूको विधान बमोजिम समयमा भएको पाइँदैन । कतिपय राजनीतिक दलहरूको त बैठक पनि समयमा बस्ने गरेको पाइँदैन । धेरैजसो राजीतिक दलहरूको नेतृत्व दशकौंदेखि एउटै व्यक्तिले गरेको पाइन्छ । यसले के देखाउँछ भने रानीतिक दलहरूको नेतृत्व प्रजातान्त्रिकभन्दा पनि निरंकुश बन्दै गएको अवस्था झल्किन्छ यसको कातान्तरमा राजनीतिक दल एक व्यक्तिको प्राइभेट लिमिटेड कम्पनी जस्तै बन्ने खतरा रहन्छ । आफ्नो विरुद्धमा बोलिने आवाजलाई दवाउने प्रवृत्ति, आलोचना सुन्न नसक्ने प्रवृतिले गर्दा बेलाबखतमा नेपालका राजनीतिक दलहरू चिराचिरा हुने गरेका छन् । यसले कुनै पनि राजनीतिक दलको सुन्दरपक्ष भनेको त्यो राजनीतिक दलभित्रको लोकतन्त्र र बहस हो जसले हरेक दल तथा दलका प्रत्येक सदस्यलाई सबल बन्न सहयोग पुग्दछ । राजनीतिक दल देशको नीति तय गर्ने संस्थाको राजनीतिक दलबाट सरकार बन्ने, संसद् बन्ने, देशलाई अगाडि बढाउने कार्य गर्दछ तर ती दलहरूको गतिविधि, दलभित्र गरिने, काखा र पाखाको प्रवृति र अराजकता साथै आर्थिक अनियमिताका घट्नाक्रम बढ्दै जाँदा नागरिकहरूले स्वतन्त्र व्यक्तिको कार्यशैलीबाट प्रभावित भएका छन् जुन स्थानीय तहको निर्वाचनमा देखियो र संघीय निर्वाचनमा पनि देखिएको छ ।

हरेक राजनीतिक दलभित्र देखिने गुट-उपगुटको मुख्य जड नै लोकतन्त्रको अभाव हो जसले दलहरूलाई छियाछिया बनाउँदै लगेको छ । नेपालका अधिकांश दल त कागजमा मात्रै सीमित छन् । कतिपय दलहरूले धर्मलाई हतियार बनाएर राजनीति गरेका छन् भने कतिपयले जात र कतिपयले राजतन्त्रको हाउगुजी देखाएर राजनीतिको खेती गरेका छन् । सर्वहारा र गरिब जनताको उत्थानका लागि कुरा गर्ने कम्युनिष्ट पार्टीहरूमा पनि यो प्रवृत्तिमा मौलाउँदै गएको छ । एकातिर दलभित्रको लोकतन्त्र कमजोर बन्दै जाने, अर्कोतिर नेतृत्व तहले राजनीतिक दललाई आफ्नो व्यक्तिगत सम्पत्ति जस्तै बनाउने कार्यले राजनीतिक दल स्वच्छ रहन सकेका छैनन् । एउटामा मात्रै नभएर हरेक दलहरूमा यो प्रवृत्ति मौलाउँदै गएको छ । नेपाल मजदुर किसान पार्टी, राष्ट्रिय जनमोर्चा, नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा मालेलागायत सबै राजनीतिक दलहरूमा अहिले पनि आन्तरिक लोकतन्त्र कमजोर देखिन्छ । राजनीतिक दलभित्र आन्तरिक लोकतन्त्रको कमजोरीमात्रै होइन, भ्रम पनि उत्तिकै छ किनभने देशले खोजेको विकास र निकासमा दलहरू संवेदनशील बन्न सकेका छैनन् । भ्रमपूर्ण अभिव्यक्तिका कारण देशले उचित मार्ग पहिचान गर्न सकेको छैन, भ्रष्टाचार गर्दिन, गर्न दिन्न र भ्रष्टाचारीको मुख पनि हेर्दिन भन्ने नेताहरूले भ्रष्टाचारीलाई नै काखी च्यापेको देखिन्छ । पहिलो कुरा त देशमा एक राजनीतिक दलले अर्कोको अस्थित्व स्वीकार गर्ने र एउटा सरकारले ल्याएको राम्रा कुरालाई समेत अर्को सरकारले कार्यान्वयन नगर्ने गरेको पाइन्छ । जुनसुकै दलको सरकारले गरेका राम्रो कार्यलाई निरन्तरता दिन सक्नुपर्दछ । शुक्रबारमात्रै राष्ट्रिय धान दिवस मनाइएको छ जहाँ प्राय: सबै दलका नेताहरूले आफ्नो उपस्थिति जनाएर फोटा तथा भिडियो खिच्ने काम गरेका छन् तर किसानहरूका समस्या ज्यँ का त्युँ छन्, मल र बिउको अहिले पनि अभाव छ तथापि राजीतिक दलको नेताहरू कृषि क्रान्तिको नारा लगाउन व्यस्त छ । कृषि क्रान्ति नारालेमात्र आउने होइन त्यसका लागि मल, बिउ र बजार चाहिन्छ त्यो नै नभएपछि क्रान्ति कसरी सम्भव हुन्छ । देशको उत्पादनमा देशलाई धान्न नपुगेर विदेशवाट वस्तु तथा सेवा आयात गरिएको छ । यस्तो अवस्थामा चर्का नारा लगाउनु केवल राजनीतिक भ्रम मात्रै हो । स्वतन्त्रता र लोकतन्त्रका कुरा गर्ने तर छिमेकी देशसँग आफ्ना कुरा राख्न नसक्ने, देशलाई हित हुने सन्धि सम्झौता गर्न हिचकिचाउने, आफूले नेतृत्व गरेको दललाई एकढिका बनाएर लैजान नसक्ने प्रवृत्तिले देशको लोकतन्त्र र दलहरूको आन्तरिक लोकतन्त्र समेत छताछुल्ल भएको छ । यस्तो अवस्थामा पहिलो पक्ष भनेको राजनीतिक दलको आन्तरिक लोकतन्त्र बलियो हुनु जरुरी छ । दलभित्र सबै सदस्यहरूको कुरा सुन्ने प्रवृत्तिको निर्माण गर्नु जरुरी छ । विधानमा एउटा व्यवस्था गर्ने र कार्यान्वयन अर्कै गर्दै जाने हो भने अराजकता पैदा हुन्छ ।

हुनत राजनीतिक सिद्धान्तलाई हेर्दा कुनै देशमा तानाशाही व्यवस्था, अराजकतावादी व्यवस्था, राजतन्त्रात्मक व्यवस्था, प्रजातान्त्रिक व्यवस्था हुँदै अगाडि जाने गर्दछ तर त्यस्तो व्यवस्थाले गणतन्त्रमा प्रवेश गर्दै गर्दा जब रजनीतिक दलहरूमा आन्तरिक लोकतन्त्र हराएर जान्छ, दलमा निरंकुशता पैदा हुन थाल्दछ फलस्वरूप पुरानो प्रवृत्ति हावी हुन थाल्छ । दलभित्र आन्तरिक लोकतन्त्र सबल नहुने तर बाह्य क्षेत्रमा लोकतन्त्रको कुरा गर्नु राजनीतिक भ्रम मात्रै हो । जसरी घर बलियो बन्नका लागि घरका प्रत्येक सदस्य सक्षम हुनुपर्दछ त्यसरी नै देशका सबै नागरिक सक्षम भएको खण्डमा मात्र देश बलियो बन्छ त्यसको मुख्य जिम्मेवार पक्ष भनेको राजनीतिक दलहरू नै हो । देशमा चेतनाको स्तर बढाउने र सुशासान कायम गर्ने जिम्मेवारी पनि राजनीतिक दलको हो तर नेपालका राजनीतिक दल र त्यो भित्रका केही पक्षहरूले नै आर्थिक अनियमिता तथा भ्रष्टाचारलाई प्रत्साहन गर्ने कार्य गरेका छन् । एकातिर पारदर्शीता र लोकतन्त्रको कुरा गर्ने तर अर्कोतिर नेतृत्व तहले आफ्ना नजिकका मानिसलाई राजगारी दिने कार्य आफैंमा घृणित कार्य हो । दलको नेतृत्व सुधार गर्नु जरुरी छ । देशलाई एकता चाहिएका बेला हरेक दलभित्र घरझगडा सुरु भएको छ । कुनै दलमा नेतृत्वले थिचोमिचो गरेको आरोप छ भने कुनै दलहरू विभाजनको संघारमा पुगेका छन् । धरैजसो दलहरूमा नेताहरूको स्वार्थले विवाद निम्तिएको छ भने कुनै दलहरूमा आन्तरिक लोकतन्त्रको अभावको कारण विवाद सिर्जना भएको छ । दलहरू सिद्धान्तमा भन्दा पनि व्यक्तिगत स्वार्थमा अगाडि बढ्न थाले, जसको हिसाबकिताब तलमाथि पर्दै जाँदा राजनीतिक दलहरू विभाजनको संघारमा पुग्न थाले । एउटा पार्टीभित्र अनेक पक्षको निर्माण हुन थाल्यो । पार्टीभित्र हुन गुट र उपगुटको विकासले पार्टीलाई मात्रै हानी पुऱ्याएको छैन । यसले त संसद् र सरकारलाई समेत असर पुगेको छ । राज्यका सबै संयन्त्रहरू लथालिंग बन्दै गएका छन् र त्यसको प्रत्यक्ष तथा अप्रत्यक्ष असर सार्वजनिक सेवा प्रवाहमा पर्न थाल्यो र देशका नागरिकसमेत प्रभावित भएका छन् । मनुसुन सुरु भएसँगै एकातिर बाढी र पहिरोको सुरुवात भएको छ भने अर्कोतिर देशमा सरकार बनाउने र ढाल्ने काम पनि सुरु भएको छ । जनताको जीवनशैली कष्टपूर्ण हुँदै जाँदा जनताका समस्या सम्बोधन गर्ने सवालमा राजनीतिक दलहरू र सरकारसमेत चुक्दै गएको छ जुन विडम्बनाको विषय हो । राजनीतिक दलहरू सधैं आन्तरिक कलहमा लागिरहने हो भने देशको विकास हुने हो ।

व्यक्तिगत र दलगत स्वार्थभन्दा माथि उठेर देशको र जनताको विषयमा सोच्नुपर्ने समयमा जब जब राजनीतिक दलहरू आन्तरिक व्यवस्थापनमै समस्याग्रस्त हुन्छन् तब देश तहसनहस बन्दैजान्छ । यस्तो परिस्थितिमा देशमा समृद्धिको कुरा गर्नु भ्रम हो । दलभित्र आन्तरिक लोकतन्त्र कमजोर हुँदा एकातिर नीतिगत र वैचारिक छलफल हुँदैन भने आर्कोतिर नेतृत्वले आफ्नो निर्णय लाद्न खोज्दा आरोप प्रत्यारोप हुँदै विभाजनसम्म पुग्छ र विधि र विधानको आधारमा दलहरू चल्न सक्दैनन् । तसर्थ राजनीतिक दलहरूको आन्तरिक लोकतन्त्र बलियो हुनु आवश्यक छ र उनीहरूले जनताको हितका लागि आफ्नो धरातलमा रहेर कार्य गर्नुपर्दछ । जनतालाई सधैं भ्रममा राखने कार्यको अन्त्य हुनुपर्दछ । परिस्थिति र आवश्यकता अनुसारका विषयहरूलाई सम्बोधन गर्न सबै राजनीतिक दलहरूका बीचमा लोकतान्त्रिक सहकार्य र पहलकदमी आवश्यक छ जुन कुरा नेतृत्वले बुझ्नु जरुरी छ ।

*-इहिमालय टाइक्स डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : पेसा व्यवसायका क्षेत्रमा उन्नति प्रगतिको राम्रो वातावरण बन्नेछ । | **तुला** : अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । कर्म प्रति रुचि बढ्नेछ । |
| **वृष** : व्यवसायको सन्दर्भमा रमाइलो यात्रा होला । सन्तानबाट सुख मिल्नेछ । | **वृश्चिक** : पर्यटकीय स्थलको भ्रमण हुनेछ । शुभ कार्यको चर्चा चल्नेछ । |
| **मिथुन** : प्रेमीको सहयोग प्राप्त हुनेछ। सांगीतिक क्षेत्रमा रुची बढ्नेछ । | **धनु** : नयाँ र शुभकार्यको चर्चा चल्नेछ। चिताएको कामले तीव्रता लिनेछ । |
| **कर्कट** : नयाँ कार्यको थालनी हुनेछ । एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । | **मकर** : धार्मिक र सांस्कृतिक सभा समारोहमा सरिक हुने सम्भावना छ । |
| **सिंह** : साना तिना समस्यामा अल्झिनुपर्ने देखिन्छ । तनाव बढेको महसुस हुनेछ । | **कुम्भ** : भौतिक साधन जुटाउने समय छ । रमाइलो यात्राको योग रहेको छ । |
| **कन्या** : साथीको सहयोग र हौसला मिल्नेछ । यात्राको योग रहेको छ । | **मीन** : प्रेमबिच खिन्नता बढ्नेछ । ताकेको काम नबन्नाले दिक्क लाग्नेछ । |




# ह्वाट्सएपमा पठाएका म्यासेज कसरी एडिट गर्ने ?



इन्स्ट्यान्ट मेसेजिंग एप ह्वाट्सएपले हालै एउटा फिचर ल्याएको छ जसमा ह्वाट्सएपमा पठाइएका टेक्स्ट मेसेजलाई एडिट गर्न सकिन्छ । यो फिचरको मद्धतले प्रयोगकर्ताले ह्वाट्सएप मेसेज पठाइसकेपछि पनि त्यसलाई परिवर्तन गर्न सक्दछन् । यद्यपि, यसरी मेसेज पठाएको १५ मिनेटभित्रै त्यसलाई एडिट गर्नुपर्ने भए गरिसक्नु पर्दछ ।

अनि त्यसरी सम्पादित मेसेजसँगै प्रापकको इनबक्समा सम्पादन गरिएको सबै विवरण (एडिटेड लेबल) पनि देखिन्छ । यसबाट प्रापकले आफुलाई पठाइएको मेसेज एडिट गरिएको हो भन्ने त थाहा पाउँछ तर सबैभन्दा सुरुमा पठाएको मेसेज अर्थात् सम्पादन गर्नुअघिको मेसेज के थियो भन्ने चाहीं हेर्न पाउँदैन । ह्वाट्सएपले मेसेज एडिट फिचर जारी गर्दै भनेको थियो कि ह्वाट्सएप मेसेज पठाउँदा कुनै गल्ती भयो वा विचार परिवर्तन भयो भने अब आफूले पठाएको मेसेज परिवर्तन गर्न सक्नेछ । ह्वाट्सएपमा पठाएका मेसेज प्रापकले समेत देख्न नपाउने गरी डिलिट गर्ने सुविधा धेरै अगाडि देखि नै उपलब्ध छ । तर मेसेज एडिट गर्ने सुविधाले अब मेसेज पूरै डिलिट गरेर पुन: लेख्नुपर्ने समयको बचत गर्नेछ र गलत मेसेज पठाउँदा हुने गल्तीबाट पनि जोगाउनेछ ।

**मेसेज कसरी एडिट गर्ने ?**

- आफूले एडिट गर्न चाहेको ह्वाट्सएप मेसेजमा केही बेरसम्म ट्याप गर्नुहोस् ।
- त्यसपछि Edit अप्सनमा जानुहोस् । यसका लागि आइओएसमा message contept menu मा जानुपर्छ भने एन्ड्रोइडमा स्क्रिनको माथिल्लो दायाँपट्टिको छेउँमा रहेको तिनवटा थोप्ला भएको मेन्यूमा जानुपर्दछ ।
- त्यसपछि टेक्स्ट फिल्डमा गएर पूरानो मेसेज एडिट गर्ने र नयाँ लेख्नुपर्ने कुराहरु लेख्नुपर्दछ ।
- टेक्स्ट बक्सको छेउँमा गरेको हरियो चेकमार्कमा ट्याप गर्नुहोस् । त्यसपछि तपाइँले एडिट गरेको मेसेज सेभ हुन्छ । यसरी मेसेज एडिट गरिसकेपछि सो सम्पादित मेसेजलाई सिधैँ पठाउन सकिन्छ ।
- प्रयोगकर्ताले ह्वाट्सएपमा पठाएको १५ मिनेट भित्रमा मात्र मेसेज एडिट गर्न सक्दछन् । यो सुविधा पर्सनल च्याट र ग्रुप च्याट दुबैमा उपलब्ध छ ।

*-अनलाइन खबर डटकम*

# शाओमी मोबाइल किन किन्ने ?



नेपाल भित्रिएदेखि नै चिनियाँ ब्रान्ड शाओमीले राम्रो बजार पाएको छ । कम्पनीले विभिन्न सेगमेन्टको स्मार्टफोन उपलब्ध गराउने हुँदा पनि हरेक उमेर समूहका ग्राहकहरूमा यो ब्रान्डको फोन लोकप्रिय छ । सन् २०१८ को सेप्टेम्बरदेखि नेपालमा शाओमीको फोन सार्वजनिक हुन थालेको हो । कम्पनीले नेपालभर रहेको करिब दुई हजार पाँच सय बढी रिटेलर र १७ वटा सर्भिस सेन्टरबाट ग्राहकहरूलाई सेवा दिइरहेको छ । नेपालको लागि शाओमी फोनको आधिकारिक वितरक भत्सल इम्पेक्स प्रालि र टेलिडिरेक्ट प्रालि हो । भत्सल इम्पेक्सले उपत्यका भित्र र टेलिडिरेक्ट प्रालिले उपत्यका बाहिर शाओमी फोनको बिक्री-वितरण गर्दैछ । अहिले शाओमीको स्मार्टफोनले कस्तो बजार पाइरहेको छ ? नेपालको कुन-कुन ठाउँमा सर्भिस सेन्टर छ ? शाओमीको फोन किन किन्ने ? लगायतका विषयमा हामीले नेपालका लागि शाओमी टेक्नोलोजीको ब्रान्ड तथा मार्केटिङ प्रबन्धक प्रकाश सुवेदीसँग कुरा गरेका छौं ।

**शाओमीले नेपालमा कुन-कुन सेगमेन्टको फोन बिक्री गरिरहेको छ ?**

बजारमा शाओमीले शाओमी सिरिज, रेड्मी र पोको गरी तीन भर्टिकलमा स्मार्टफोन बिक्री गरिरहेको छ । शाओमी सिरिज प्रिमियम सेगमेन्टको फोन हो । कुनै पनि स्मार्टफोनमा 'मी' लेखिएको छ भने त्यो फ्यागशीप फोन अर्थात् शाओमीको प्रिमियम सेगमेन्टको फोन भन्ने बुझ्न सकिन्छ । बजारमा यो सिरिजको फोनको मूल्य ५० हजार रूपैयाँदेखि एक लाख ३० हजारसम्म पर्छ । शाओमीको रेड्मी बजेट सेगमेन्टको फोन हो । रेड्मीको फोन ११ हजार नौ सय ९९ रूपैयाँदेखि ४० हजार रूपैयाँसम्म पर्छ । फोनमा भएको विशेषताहरूले मूल्य निर्धारण गर्ने हो । शाओमीको समग्र बजारको ४० देखि ५० प्रतिशत हिस्सा रेड्मीको फोन ओगढेको छ । त्यस्तै पोको गेमिङ सेगमेन्टको फोन हो । विशेषगरी युवा पुस्ताहरूमा यो फोन प्रख्यात छ । यसको मूल्य १५ हजार चार सय ९९ रूपैयाँदेखि ४३ हजार नौ सय ९९ रूपैयाँसम्म पर्छ ।

**शाओमीका ग्राहकहरू कुन समूहका छन् ?**

शाओमीको ग्राहक हरेक समूहका छन् । जो मानिसको आय स्रोत राम्रो छ र महँगो फोन खरिद गर्ने क्षमता राख्छन्, त्यस्ता ग्राहकहरू बढीजसो प्रिमियम सेगमेन्टको फोनमा आकर्षित देखिन्छन् । कमदेखि मध्य वर्गीय ग्राहकले रेड्मीको फोन रुचाइरहेका छन् । उपत्यका बाहिर पनि प्राय रेड्की सिरिजको फोन बिक्री बढी हुने गरेको छ । पोकोका फोन विशेष गेमिङको लागि उपयुक्त हुँदा यो युवा पुस्तामाझ लोकप्रिय छ ।

**शाओमीको फोन किन किन्ने ?**

शाओमी सही मूल्य, उत्कृष्ट विशेषता र उच्चतम गुणस्तर गरी मुख्य तीन स्तम्भमा विश्वास राख्छ । हामी ग्राहकहरूलाई किफायती मूल्यमा पर्याप्त विशेषताले भरिपूर्ण गुणस्तरीय फोन बिक्री गर्न चाहन्छौं । विभिन्न सेगमेन्ट र मोडलमा शाओमीका फोनहरू उपलब्ध छन् । ग्राहकहरूले आफूलाई आवश्यक पर्ने विशेषता भएको र आफ्नो बजेट क्षमताको फोन रोजेर खरिद गर्न सक्नुहुन्छ । धेरै विकल्प भएका कारण पनि ग्राहकहरूको लागि शाओमीको फोन उपयुक्त हुन्छ भन्ने लाग्छ ।

**शाओमीले मार्केटिङको लागि के-कस्तो रणनीति अपनाइरहेको छ ?**

शाओमीको फोनले 'वर्ड-अफ-माउथ' का कारण बजार पाइरहेको छ । अर्थात् कोही एक व्यक्तिले फोन खरिद गरिसकेपछि ती व्यक्तिले अन्य मानिसलाई फोन किन्न सुझाव दिने गरेको पाइन्छ । हामी मार्केटिङको लागि 'जिरो बजेट' रणनीतिमा छौं । ग्राहकहरूबाट आएको सकारात्मक प्रतिक्रियाहरूले नै बजारमा विस्तार हुँदैछौं ।

**नेपालभर कतिवटा सर्भिस सेन्टरहरू छन् ?**

नेपलाभर शाओमीको १७ वटा सर्भिस सेन्टरहरू छन् । ग्राहकहरूलाई सर्भिस सेन्टरबाट नै फोन खरिद, मर्मत लगायत सेवा लिन सल्लाह दिन्छौं । यसो हुँदा फोनको मर्मत समय पनि (जेन्युन) वास्तविक सामग्रीको प्रयोग हुन्छ । त्यस्तै दक्ष जनशक्तिले मात्रै फोन मर्मत लगायत काम गर्छन् । काठमाडौं, ललितपुर, भक्तपुर सहित नुवाकोट, हेटौंडा, बिर्तामोड, बुटवल, धनगढी, इटहरी, चितवन, नेपालगञ्ज, पोखरा, जनकपुर, दाङको विभिन्न ठाउँमा हाम्रो सर्भिस सेन्टर छ ।

**स्मार्टफोनबाहेक शाओमीले के-के सामग्री बिक्री गरिरहेको छ ? शाओमीको उत्पादनहरू कहाँ खरिद गर्ने ?**


स्मार्टफोन र आर्टिफिसियल इन्टेलिजेन्स अफ थिङ्स, एआइओटी सामग्री जस्तै टिभी, राउटर, फोनका एक्सेसरिज जस्तै एयरफोन, डेटा केबल लगायत सामग्री पाइन्छ । शाओमीको सामग्रीहरू नेपालभर भएको कम्पनीको विभिन्न आउटलेट र अनलाइन सपिङ प्लेटफर्म दराज नेपालबाट पनि खरिद गर्न सकिन्छ ।

**सरकारले लागू गरेको एमडिएमएस प्रणालीप्रति कस्तो धारणा छ ?**

मोबाइल डिभाइस म्यानेजमेन्ट सिस्टम-एमडिएमएस प्रति हामी निकै सकारात्मक र सन्तुष्ट छौं । यसले अवैध रूपमा नेपाल भित्रने र अनधिकृत ढंगबाट हुने मोबाइल बिक्री वितरण रोक्न मद्दत गर्छ । यो नेपालको अर्थतन्त्र सुधारको लागि समेत राम्रो पहल हो ।

*-सेतोपाटी डटकम*

# चिप उद्योगमा अबौं डलर लगानी गर्दै जापान



जापानको सेमिकन्डक्टर सामग्री निर्माता जेएसआर कर्पको बोर्डले सोमबार अर्बौं डलरको सरकारी लगानीबारे छलफल गर्दै छ । जापानले आफ्नो चिप उद्योगलाई बलियो बनाउन खोजिरहेको पछिल्लो संकेत सरकारले गर्न लागेको यो लगानीले गरेको छ । जापान इन्भेस्टमेन्ट कर्पोरेसन (जेआईसी)ले जेएसआरमा लगानी गर्ने तयारी गरेको हो ।

जेआईसी जापानको अर्थ, व्यापार तथा उद्योग मन्त्रालय अन्तर्गत रहेको छ । यसबाहेक जापानले विभिन्न देश र कम्पनीहरूबाट अर्बौं डलरको लगानी भित्र्याउँदै छ । ताइवान सेमिकन्डक्टर म्यानुयाक्चरिङ (टीएसएमसी)ले गएको नोभेम्बरमा जापानको क्युशु टापुमा सात अर्ब डलरको चिप प्लान्ट निर्माण गर्ने योजना घोषणा गरेको थियो । सोनी ग्रुप र अटो पार्ट्स निर्माता डेन्सोले पनि यहाँ लगानी गर्ने भएका छन् । दुवै कम्पनीले टीएसएमसीले बनाएका चिप प्रयोग गर्नेछन् । अमेरिकी मेमोरी चिप निर्माता माइक्रोन टेक्नोलोजीले जापान सरकारको सहयोगमा आउँदो केही वर्षमा एक्स्ट्रिम अल्ट्राभायोलेट टेक्नोलोजी (ईयूभी) मा ३.५ अर्ब अमेरिकी डलर लगानी गर्ने योजना बनाएको छ । जापानमा ईयूभी प्रविधि भित्र्याउने आफू पहिले हुने कम्पनीको भनाइ छ । सामसङ इलेक्ट्रोनिक्सले योकोहामामा अवस्थित अनुसन्धान र विकास केन्द्र नजिकै जापानमा आफ्नो पहिलो चिप प्याकेजिङ परीक्षण लाइन स्थापना गर्ने योजना बनाइरहेको छ । जापानको राज्यसमर्थित र्‍यापिडसले गएको फेब्रुअरीमा देशको उत्तरी टापु होक्काइडोस्थित चिटोसेमा चिप प्लान्ट निर्माण गर्ने जनाएको थियो । र्‍यापिडसले अन्तर्राष्ट्रिय व्यापार मेसिन (आईबीएम)सँग मिलेर अत्याधुनिक दुई न्यानोमिटर चिपको विकास र उत्पादन गर्ने जनाएको छ । कम्पनीले सन् २०२५ मा प्रोटोटाइप लाइन सुरु गर्ने लक्ष्य राखेको छ । सन् १९८० को दशकको अन्तमा विश्व बजारमा चिप उत्पादनको ५० प्रतिशत हिस्सा घटेर १० प्रतिशतमा पुगेको जापानले फेरि यो उद्योगको विकास गर्न खोजेको छ । २०३० सम्म जापानले चिपको बिक्री तीन गुणा बढाएर एक खर्ब अमेरिकी डलरभन्दा बढी पुर्‍याउने लक्ष्य राखेको छ ।

*-बाह्रखरी डटकम*

# डाइनासोरसँगै घुम्ने गर्थे मानवका पूर्खा



डाइनासोरको मृत्यु अघि पनि मानवको पूर्खा पृथ्वीमा रहेको एक अध्ययनले देखाएको छ । बेलायतको ब्रिस्टल विश्वविद्यालय र स्विट्जरल्याण्डको फ्राइबोर्ग विश्वविद्यालयका वैज्ञानिकहरूले गरेको एक अध्ययनमा यस्तो देखिएको हो । वैज्ञानिकहरूका अनुसार ६ करोड ६० लाख वर्षअघि क्षुद्र ग्रहले डाइनासोरलाई मारेको थियो । त्यस समयका जीवाश्महरूमा त्यस्तो कुनै प्रमाण फेला परेको छैन, जसले त्यहाँ प्लेसेन्टल स्तनधारी प्राणीहरू थिए भनेर । प्लेसेन्टल स्तनधारीहरूलाई मानवको प्रारम्भिक पूर्खा मानिन्थ्यो । तर जीवाश्महरूको अनुसन्धानको क्रममा, मोलीक्यूलर क्लकको डाटाबाट तिनीहरूको वंश डाइनासोरको समयमा अवस्थित थिए भने पत्ता लागेको छ । उनीहरू डाइनासोरसँग घुम्ने गर्थे । मोलीक्यूलर क्लक डाटाको साथ पुरातन समयका जीनको अवशेषहरू अध्ययन गरेर त्यस समयका जीवहरू पत्ता लगाइएको छ ।

नयाँ तथ्याङ्कीय विश्लेषण गर्दा मानिसका सबैभन्दा पुराना पूर्खाहरू अर्थात् प्लेसेन्टल स्तनधारीहरू डाइनासोरको समयमा उपस्थित थिए भन्ने कुरा पत्ता लागेको हो । क्रिटासियस अवधिमा तिनीहरूसँग घुमे । तर यो एकदमै छोटो समयको लागि यस्तो भएको थियो । ब्रिस्टल युनिभर्सिटीका प्यालियोबायोलोजिस्ट एमिली कार्लिसिलले भने, 'हामीले हजारौं वर्ष पुराना जीवाश्महरू अध्ययन गरेका छौं । प्लेसेन्टल स्तनधारीहरूको प्रारम्भिक जीवहरूको बारेमा जानकारी संकलन गर्‍यौं । त्यसपछि मात्र तिनीहरूको उत्पत्ति र विनाश थाहा भयो । यस मार्फत हामी प्लेसेन्टल स्तनधारीहरूको विकास बारे थाहा लगाउन सक्छौं ।'

तथ्याङ्क अध्ययन गरेपछि त्यस बेला प्लेसेन्टल स्तनधारी प्राणीका ३८० परिवार थिए । जसमध्ये २१ दशमलव ३ प्रतिशत डाइनोसरको समयमा रहेको पाइएको थियो । तिनीहरूको विकासबाट बाँदर, कुकुर, बिराला, खरायो र घोडाहरू बनेका थिए ।

*-हाम्राकुरा डटकम*

# लुम्बिनीमा एमालेको विरोधका बीच बजेट बारे छलफल



**पाल्पा,** असार १८/लुम्बिनी प्रदेशमा प्रमुख प्रतिपक्ष दल एमालेको अवरोधका बीच बजेटमाथि छलफल भएको छ । सभामुखले उपलब्ध गराएको समयमा पनि सरकार र प्रतिपक्ष दलबीच कुनै संवाद र छलफल हुन नसकेपछि सभामुख तुलाराम (बसन्त) घर्तीले विरोधकै बीच बैठक सुरु गरेका थिए ।

बैंठकमा अर्थमन्त्री धनबहादुर मास्कीले असार १ गते प्रस्तुत गरेको आगामी वर्षको सरकारको राजस्व र व्ययको वार्षिक अनुमान बजेट वक्तव्यमाथिको सैद्धान्तिक छलफल भएको हो । उक्त छलफल भने सकिएको छ । सोमबारको पहिलो बैठक सभामुख तुलाराम घर्तीले सुरु गरेलगत्तै प्रमुख प्रतिपक्ष दल एमालेका प्रमुख सचेतक तुलसीप्रसाद चौधरीले बोल्नका लागि समय माग गरेका थिए । सभामुखले समय उपलब्ध गराएपछि उनले सरकारले विपक्षीले राखेका माग नसुनेको र सरकारले अर्कमण्यता देखाइरहेको भन्दै बैठक चल्न नसक्ने बताएका थिए । विपक्षीको विरोधपछि एक घण्टाका लागि स्थगित भएको बैठक पुन: सुरु भएको थियो । दोस्रो बैठक सुरु गर्दै सभामुख घर्तीले सैद्धान्तिक छलफल अघि बढाएपछि एमालेका सांसद्हरूले रोस्टममै पुगेर नाराबाजी गरेका थिए ।

नाराबाजीकै बीचमा कांग्रेसका बैजनाथ कलवार, बसिउद्धिन खान, स्वतन्त्रबाट निर्वाचित खड्ग बस्नेत र राष्ट्रिय जनमोर्चाकी तारा थापाले बोल्दै सरकारको बजेटको समर्थन गरेका थिए । विपक्षी दलले छलफलमा भाग नलिएपछि अर्थमन्त्री मास्कीले छलफलका क्रममा उठेका विषयवस्तुमा जवाफ दिएका थिए । उनको जवाफसँगै सभामुख घर्तीले राजस्व र व्ययमाथिको सैद्धान्तिक छलफल सकिएको घोषणा गरेका हुन् । अर्थमन्त्री मास्कीले आव २०८०/०८१ सेवा र कार्यका लागि प्रदेश सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक सभामा पेस गरेका छन् । उक्त विधेयकमाथि आजदेखिको बैठकमा छलफल सुरु हुने जनाइएको छ । बजेटमाथि छलफल गर्न पटक -पटक बैठक बोलाइए पनि एमाले सांसद्को विरोधका कारण स्थगित हुँदै आएको थियो । आइतबारको बैंठक एमालेका सांसदहरुको नाराबाजी पछि स्थगित भएको थियो । असार १३ गते आह्वान गरिएको बैठकमा बजेटको विषयमा आपत्ति जनाउँदै बिरोध गरेपछि बैठक अघि बढ्न सकेको थिएन ।

# खेलकुद विकासका लागि लगानी र सोंच आवश्यक



**पाल्पा,** असार १८/खेलकुद विकासका लागि लगानी र सोंच आवश्यक रहेको एक कार्यक्रमका सहभागीहरुले बताएका छन् । नेपाल खेलकुद पत्रकार मञ्च पाल्पा शाखाले आयोजना गरेको 'खेलकुदको अवस्था र सम्भावना' विषयक अन्तर्क्रियामा सहभागीहरुले यस्तो बताएका हुन् ।

उनीहरुले पाल्पामा खेलकुदको सम्भावना भएर पनि लगानी र सोचको अभावले खेलकुद गतिविधि सुस्ताएको बताए । खेल क्षेत्रको विकास गरी समृद्धि हासिल गर्न सकिन्छ भन्ने कुरा सरकार र सम्वद्ध संघसंस्थाहरुले ध्यान दिन सके मात्र जिल्लाको खेलकुदले गति लिनेमा सहभागीहरुले जोड दिए । उनीहरुले तराईको उखरमाउलो गर्मीमा पहाडमा खेलकुदका गतिविधि बढाउने हो भने स्थानीय, संघीय र प्रदेशस्तरका खेलकुद गर्न सकिने सम्भावना प्रशस्त भए पनि खेलसम्वद्ध संस्थाहरुको चासो नहुँदा खेल गतिविधि हुन नसकेकोमा चिन्ता व्यक्त गरे । सहभागीले जिल्ला खेलकुद विकास समिति, खेलसँग सम्बन्धित संघसंस्थाहरु बजेट अभाव भन्दै खेलकुद गतिविधि नगर्दा नै खेल सम्वद्ध खेलाडीहरु पलायन हुनुपरेको समेत बताए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष रेखीराम रानाले सोच र चिन्तन नभएकै कारण जिल्लाको खेल क्षेत्रले गति लिन नसकेको बताए । उनले सोचमा परिवर्तन गर्न सकेमा ठूलो लगानी पनि गर्न नपर्नेमा जोड दिए । पछिल्ला दिनमा पाल्पा जिल्ला फुटबल संघको गतिविधिले खेलकुद नै चलायमान बनाएको अध्यक्ष रानाले बताए । 'आर्थिक अभावकै कारण पनि उत्कृष्ट कार्यक्रम गर्न सकिन्छ भन्ने प्रमाणित गरेको पाइयो,' उनले भने, 'अन्य खेल सम्बद्ध संघसंस्थाले पनि बजेट अभाव भनेर बस्ने भन्दा पनि खेलकुद गतिविधि बढाउनुपर्छ ।' खेलकुद गतिविधिबाट प्रत्यक्ष लाभ लिने क्षेत्र होटल व्यवसायी, उद्योगी, व्यापारीले खेलकुदको विकासका लागि सहयोग गर्नुपर्नेमा अध्यक्ष रानाले जोड दिए । उनले खेलकुद गतिविधि बढाउन स्थानीयको सक्रियता आवश्यक हुने बताउँदै जिल्लाका स्थानीय तहले वर्षेनि ५ करोड बढी खर्चिए पनि उपलब्धि नदेखिएको बताए ।

पाल्पा जिल्ला फुटबल संघका पूर्व महासचिव भरत शर्माले फुटबल, भलिबल जस्ता खेलले नेपालमै उत्कृष्ट स्थान हासिल गरेको इतिहास भए पनि पछिल्लो समयमा भौतिक पूर्वाधार तयार नभएकाले सुस्ताएको बताए । पाल्पामा खेलकुदको विकासका लागि एकेडेमी आवश्यकता रहेको बताउँदै जग्गा अभावमा फुटबलको एकाडेमी बन्न नसकेर अन्यत्र गएको स्मरण गरे । जिल्ला खेलकुद विकास समितिका पूर्व अध्यक्ष करुणा काफ्लेले विगतमा खेलकुदको क्षेत्र धेरै अब्बल भएको बताउँदै पुरानो साख गुमेको बताए । 'छिमेकका अन्य जिल्ला खेलकुदमा धेरै अगाडि बढ्दा पाल्पाले उल्लेख्य प्रगति गर्न सकेको छैन,' उनले भने, 'खेलका पूर्वाधारको अवस्था दयनीय बनेको छ । खेलकुदको अवस्था सुधार गर्न सरकारले विशेष लगानी गर्नुपर्छ ।' पाल्पा जिल्ला फुटबल संघका अध्यक्ष प्रणय वीरजंग राणाले सम्भावना भएर पनि आर्थिक स्रोत जुटाउन नसक्दा खेलकुदको गतिविधि अघि नबढेको बताए । 'मौसमको हिसाबले पाल्पा निकै राम्रो छ,' उनले भने, 'खेलकुदमा लगानी गर्नुपर्छ भन्ने भावना नै नभएकाले समस्या आएको हो ।' पाल्पाको खेलकुद विकासका लागि उद्योगी, व्यवसायी, होटल व्यवसायीले सहयोग गर्नुपर्नेमा उनले जोड दिए । कार्यक्रममा प्रेस चौतारीका केन्द्रीय सदस्य मिलन विक, नेपाल प्रेस युनियनका जिल्ला अध्यक्ष मन गैरे, नेपाल प्रेस युनियन लुम्बिनी प्रदेश लेखा समिति संयोजक मुक्तिप्रसाद न्यौपाने, समाजवादी प्रेस संगठनका अध्यक्ष पदम गैरे लगायतले पाल्पामा खेलकुदको गतिविधि सञ्चालन गर्दा व्यवस्थापन राम्रो भयो भने सफलता पाइन्छ भन्ने केही समय अगाडि सम्पन्न फुटबल प्रतियोगिताले देखाएको बताएका थिए । उनीहरुले खेलकुदको अधिक सम्भावना भएको जिल्ला भएकाले पनि तिनै तहका सरकारले लगानी गर्नुपर्ने बताउँदै पत्रकारलाई खेलकुद बिटमा समाचार लेख्न प्रेरित गर्नुपर्नेमा जोड दिए । कार्यक्रम मञ्चका जिल्ला अध्यक्ष माधव अर्यालको अध्यक्षता, सदस्य कृष्ण कार्कीको स्वागत, कोषाध्यक्ष कमल अधिकारीको सञ्चालनमा भएको थियो ।

## खेलकुद समाचार

# सिङ्गापुरलाई हराउँदै नेपाल फाइनलमा



**काठमाडौं,असार १८/** नेपाल एसीसी यू-१६ इस्ट जोन कप क्रिकेटको फाइनलमा प्रवेश गरेको छ । सिङ्गापुरलाई ९७ रनले हराउँदै नेपाल फाइनलमा पुगेको हो ।

नेपालले दिएको १ सय ८५ रनको लक्ष्य पछ्याएको सिङ्गापुर ३१ ओभर ३ बलमा ८७ रनमा अलआउट भयो । सिङ्गापुरका रोशन रविचन्द्रनले २४, प्रणव धनुकाले १४ र कविर बेर्लियाले ११ रन बनाए । बलिङतर्फ नेपालका कार्तिक कामतले ३ तथा सन्तोष यादव, नरेन भट्ट, अशोक धामी, अभिषेक तिवारी र प्रतीक पोखरेलले १/१ विकेट लिए ।

यसअघि मलेसियाको बायोमास ओभल क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ गरेको नेपालले निर्धारित ३५ ओभरमा ९ विकेट गुमाएर १ सय ८४ रन बनायो । नेपालका सूर्यांशु कोइरालाले ४३ र निरजकुमार यादवले ४२, अभिषेक तिवारीले २५, सन्तोष यादवले १८, दीप भुजेलले नटआउट १२, प्रतीक भट्टराईले १२ र कृतिक कामतले १० रन बनाए । नेपालले अब आज (मंलबार) उपाधिका लागि मलेसियासँग खेल्नेछ ।

## अर्थ/कर्पोरेट समाचार

# सोमबार पनि घट्यो नेप्से



**पाल्पा,** असार १८/साताको पहिलो कारोबार दिन आइतबार भारी अंकले घटेको नेप्से परिसूचक दोस्रो दिन सोमबार पनि घटेको छ । दोस्रो दिन नेप्से परिसूचक ५३.७० अंकले घटेर २०९७.२९ विन्दुमा पुगेको थियो । दोस्रो दिन पनि नेप्से परिसूचक दोहोरो अंकले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २१ दशमलव ३२ अंकले ओरालो लागेको हो ।

नेप्सेमा गिरावट आएसँगै दुई हजार ७५ दशमलव ९७ मा सीमित भएको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक चार दशमलव १७ अंकले ओरालो लागेर तीन सय ८६ दशमलव ३५ मा सीमित भएको छ । कारोबार भएका कूल १३ उपसमूहमध्ये दुई उपसमूहको शेयर मूल्यमा बृद्धि हुँदा ११ उपसमूहको शेयर मूल्यमा भने गिरावट आएको छ । कूल ९४ लाख १८ हजार नौ सय ५२ कित्ता शेयर चार अर्ब पाँच करोड १० लाख ७८ हजार तीन सय ७५ मूल्यमा खरिद बिक्री भएका छन् । कारोबारका आधारमा हिमालयन लाइफ इन्स्योरेन्स शीर्ष स्थानमा रहेको छ । सो कम्पनीको २३ करोड ९४ लाख ४५ हजार सात सय ८५ बराबरको कारोबार भएको छ । यस्तै, सोल्टी होटल २० कोड ९४ लाख ३९ हजार दुई सय ८५, नागरिक लगानी कोष २० करोड ३३ लाख २५ हजार पाँच सय ५४, शिवम् सिमेन्ट १८ करोड १८ लाख दुई हजार, एनएलजी इन्स्योरेन्स कम्पनी १४ करोड नौ लाख ९० हजार एक सय २२ बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भएका छन् ।

नेप्सेका अनुसार, सिवाइसीएल नेपाल लघुवित्त र बीपीडब्ल्यू लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले बृद्धि भई सकारात्मक सर्किट लागेको छ । सिटी होटल नौ दशमलव ९८, चन्द्रागिरी हिल्स तीन दशमलव ६८ र एनएलजी इन्स्योरेन्सका लगानकिर्ताले दुई दशमलव ८१ प्रतिशतले कमाएका छन् । त्यस्तै, लक्ष्मी इक्विटी फण्ड आठ दशमलव ९५, सामुदायिक लघुवित्त सात दशमलव १३, पाँचथर पावर कम्पनी छ दशमलव शुन्य एक, सयपत्री हाइड्रोपावर पाँच दशमलव ४१ र एनआइसी एशिया ब्यालेन्स फण्डका लगानीकर्ताले चार दशमलव ८४ प्रतिशतले गुमाएका छन् ।

# गलमादी खोलाले खेतीयोग्य...

...खोलाले मुख्य बहेको ठाउँ परिवर्तन गरी देवबहादुर आलेको छ रोपनी, मेगबहादुर आलेको छ रोपनी र चन्द्रबहादुर आलेको छ रोपनी खेततर्फ जग्गा कटान गरिसकेको छ । बारीखण्ड अन्तर्गत (माथिल्लो भाग) सूर्यबहादुर घर्तीको तीन रोपनी, पतिराम गाहाको तीन रोपनी, महम्मद वकिल मियाँको दुई रोपनी १२ आना, हुमबहादुर आलेको तीन रोपनी ( घरसहित), सुमन आलेको साढे दुई रोपनी (घरसहित), यमबहादुर आलेको पाँच रोपनी (घरसहित) जग्गासहित यहाँका करिब एक दर्जन वस्ती जोखिममा छन् ।

खोलाले कटान गरेको क्षेत्र, यस आसपासका क्षेत्रका खेतबारी तथा बस्ती जोखिममा परेपछि लुम्बिनी प्रदेशसभा सदस्य तथा पूर्वमन्त्री वीरबहादुर रानाले स्थलगत अनुगमन गरेका छन् । उनले कटान रोक्नका लागि प्रदेश सरकारमार्फत यसअघि वजेट विनियोजन गरेर केही कामहरु भइरहेको र यसलाई पुन: बजेट विनियोजन गरेर तटबन्धको कामलाई निरन्तरता दिइने बताए ।

'कटान क्षेत्र अनुगमन गर्दा खेतीयोग्य जमिन मात्र नभइ यस आसपासँग जोडिएका (माथिल्लो भागबाट पहिरो खसेर) बस्ती जोखिममा छन्', उनले भने, 'कटान गरेको ठाउँमा तटबन्ध गर्ने र पहिरो गएको ठाउँमा तारजाली लगाएर व्यवस्थित गर्नुपर्छ, यसका लागि प्रदेश सरकारबाट मैले बजेट व्यवस्थानमा पहल गर्नेछु ।' यहाँ तत्काल कटान गरेको ठाउँमा व्यवस्थित तटबन्ध नगर्ने हो भने यसले धेरै ठाउँमा कटान गरी ठूलो क्षती पुऱ्याउने छ । चालु आर्थिक वर्षमा लुम्बिनी प्रदेश सरकारबाट विनियोजित दश लाख रकमले तटबन्धको काम गरेको रामपुर ४ का वडाध्यक्ष रामबहादुर रानाले जानकारी दिए । उनी भन्छन्, 'यस खोलाले यस क्षेत्रमा तीन ठाउँमा घरवस्ती नै उच्च जोखिममा पारेको छ, यसलाई समयमा नै व्यवस्थापन र संरक्षण गर्न सकिएन भने बस्ती नै पहिरोले लैजाने अवस्थामा छ ।' सानो रकमबाट तटबन्ध नहुने हुँदा ठूलो रकमका लागि माथिल्लो निकायले नै बजेट उपलब्ध गराउनुपर्नेछ । वर्षायामको समय नजिकिँदै गर्दा यस क्षेत्रका स्थानीयलाई त्रास उत्तिकै बढेको छ । रामपुरको धान उत्पादनका लागि उपयुक्त मानिएको यस क्षेत्रमा कटानको समस्याले उत्पादनमा ह्रास ल्याएको छ । *-रासस*

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ०५१/०५२,पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई